# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।१० गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला मकवानपुर भीमफेदी गाँउपालिका वडा नं.-६ स्थित कारागार कार्यालय, भीमफेदीका जेलर शाखा अधिकृत मदन अधिकारीले सोही कार्यालयका चौकीदारसँग रकम माग गरी रकम नदिएमा अन्यत्र कारागारमा सरूवा गरिदिने बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज जेलर शाखा अधिकृत मदन अधिकारीलाई रु.७५,०००।-(पचहत्तर हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा निजको निवासबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भईरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता